# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, मंसीर २० गते २०३९ साल (अतिरिक्ताङ्क ३६ (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रको सर्वाङ्गीण विकासको प्रक्रियामा विज्ञान तथा प्रविधिको प्रवर्धन, विकास र सहयोगको आवश्यकता महसूस गरिबक्सी यस क्षेत्रलाई बढी सार्थक र सक्रिय बनाउन "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान" को गठन गरिबक्सेको छ।

उक्त प्रज्ञा-प्रतिष्ठानको कुलपतिको पद मौसूफ स्वयंबाट ग्रहण गरिबक्सेको छ।

मौसूफ सरकारबाट यस प्रज्ञा-प्रतिष्ठानको कुलपतिको हैसियतले उप-कुलपतिको पदमा डा. रत्न शमशेर राणालाई नियुक्त गरिबक्सेको छ।

श्री ५ महाराजाधिराज सरकारबाट "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान" को उप-कुलपतिको सिफारिशमा उक्त प्रतिष्ठानको सदस्य-सचिव पदमा डा. कमल श्रेष्ठलाई नियुक्त गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

840

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।